# माण्डवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## सहुलियत ब्याजदरमा ऋण अनुदान कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/०७/१४**

देशमा उत्पादनशील युवाहरु वैदेशिक श्रम वजार तर्फ पलायन भइरहेको सन्दर्भमा माण्डवी गाउँपालिका क्षेत्रका युवाहरुमा भएका ज्ञान, सीपको सदुपयोग गर्दै उद्यमशिलता, सिर्जनशिलता तथा सीपको विकास गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न साथै विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सीप तथा व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई आत्मनिर्भर एवं स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित तथा अल्पसंख्यक समुदायहरुको परम्परागत सीप र पेशालाई समयसापेक्ष आधुनिकीकरण तथा प्रवद्र्धन गर्दै उत्पादनको माध्यमबाट समृद्ध माण्डवी निर्माणका लागि स्वरोजगार कार्यक्रमलाई प्रभावकारी वनाउन कार्यविधि आवश्यक देखिएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी माण्डवी गाउँ कार्यपालिकाले माण्डवी गाउँपालिकाको सहुलियत ब्याजदरमा ऋण अनुदान कार्यक्रम संचालन कार्यविधि २०७८ बनाएको छ । माण्डवी गाउँपालिकाको आ.व. २०७८/०७९ का लागि जनता संग सरोकारका विषयलाई तत्कालै सम्बोधन गर्ने उदेश्यका साथ माण्डवी गाउँपालिकाले सहुलियत ब्याजदरमा ऋण अनुदान कार्यक्रम तय गरि बजेट समेतको व्यवस्था गरेको छ । यस गाउँपालिकामा स्वदेश तथा विदेशबाट फर्केका नागरिक तथा यस गाउँपालिकाका बेरोजगार व्यक्तिहरुलाई व्यवसाय संचालन गरि स्वरोजगार बनाउनको लागि **" माण्डवी गाउँपालिकाको सहुलियत ब्याजदरमा ऋण अनुदान कार्यक्रम संचालन कार्यविधि २०७८"** को आयोजना कार्यन्वयन सम्बन्धि व्यवस्था अनुसार कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुले तपसिल बमोजिमंका कागजात सहित कृषिजन्य, पशुजन्य तथा स्थानीय स्रोत साधनमा आधारीत घरेलु तथा कुटीर उद्योग उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने, स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुर्याउने ,आय आर्जनमा टेवा पुर्याई परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने, बेरोजगारी घटाउने लगायत कार्यविधिमा उल्लेख भएका क्षेत्रहरुमा व्यवसाय संचालनको लागि प्रति व्यक्ति १ लाख देखि ३ लाख सम्म सहुलियत ऋण प्रदान गर्ने निर्णय भए अनुसार निम्न शर्त तथा अधिनमा रही सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति२०७८/०८/१३ गते) भित्र माण्डवी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यक्रम माग सहितको प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१.माण्डवी गाउँपालिका भित्रका आवेदकहरुले रु १ लाख देखि ३ लाख सम्मको कृषि व्यवसायिक तथा उद्यमशीलता प्रवर्धनका लागि कार्ययोजना पेश गर्नु पर्नेछ ।

२. ऋण प्राप्त गर्ने ऋणीले प्राप्त गर्ने ऋण भन्दा ३०% बढी हुन आउने रकम बराबरको धितोको लागि लालपुर्जा अनिवार्य पेश गर्नु पर्नेछ । सहुलियत कर्जाको ब्याजदर बैंकले तोके बमोजिम हुनेछ ।

३. पुरुष ऋणीले कृषि उत्पादनको प्रयोजनको लागि तथा महिला ऋणीहरुका लागि कृषि उत्पादन तथा अन्य व्यवसाय प्रवर्धनका लागि ऋण लगानी गरिनेछ ।

४. बैंकले ऋण असुली ३ वर्षमा गरिसक्नेछ, ऋणीले ३/३ महिनामा सावाँ तथा ब्याज असुली तालिका अनुसार गर्नु पर्नेछ ।

५. ऋणीले गाउँपालिकामा अनिवार्य फर्म दर्ता गरि कर कार्यालयबाट प्यान नं. लिएका हुनुपर्दछ

६. तालिका अनुसार सावाँ र ब्याज नतिर्ने खराब ऋणीलाई गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधा रोक्का गरिने छ। एकाघरको परिवारले प्राप्त गर्ने सेवा सुविधाबाट बाँकी सरह असुल उपर गरिनेछ ।अन्य शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**आवश्यक कागजातः**

क. निवेदन सहित माण्डवी गा.पाको स्थायी बासिन्दा खुल्ने प्रमाण(नागरिकतामा अन्यत्र स्थान उल्लेख भएकाका लागि मात्र)

ख. नेपाली नागरिकताको प्रतिलिपि

ग. सम्बन्धित वडा कार्यालयबाट बेराजगारी हो भनी ऋण लगानीको लागि गरिएको सिफारिस

घ. जमानी बस्नेको कागज

ङ संचालन गरिने उद्यमको प्रस्ताव

नि.प्रमुख प्रशासकिय अधिकृत